# SOLIDARITY दर्शन

May-June 2026 / Baishak-Jestha 2083 Volume: 3 Issue: 1


## सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीमा शैक्षिक अवार्ड (सम्मान)–२०८२ भव्य रूपमा सम्पन्न








हेटौँडा, असार २९ । मकवानपुरको हेटौँडा–१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीमा शैक्षिक सत्र २०८२ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने उद्देश्यले आयोजित "शैक्षिक अवार्ड (सम्मान)–२०८२" कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ। विद्यालयले दुई दिनसम्म सञ्चालन गरेको उक्त कार्यक्रममा विभिन्न तहका उत्कृष्ट विद्यार्थी, SEE परीक्षार्थी तथा उत्कृष्ट नतिजा दिलाउन सफल शिक्षक–शिक्षिकाहरूलाई सम्मान गरिएको थियो।

विद्यालय प्रशासनका अनुसार असार २८ गते प्राथमिक तथा आधारभूत तहका विद्यार्थीहरूका लागि सम्मान कार्यक्रम सञ्चालन गरिएको थियो भने असार २९ गते माध्यमिक तहका विद्यार्थीहरूलाई सम्मान गरिएको थियो। कार्यक्रममा शैक्षिक उपलब्धिका आधारमा विद्यार्थीहरूलाई मेडल, प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरी सम्मान गरिएको थियो। कार्यक्रमको मुख्य आकर्षणका रूपमा शैक्षिक सत्र २०८२ को वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याई प्रथम, द्वितीय तथा तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूलाई विशेष सम्मान गरिएको थियो। विद्यालयले उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरूको हौसला बढाउन मेडल, प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरेको थियो । यसबाट विद्यार्थीहरूमा अध्ययनप्रति थप लगाव, अनुशासन र प्रतिस्पर्धात्मक भावना विकास हुने विश्वास विद्यालयले लिएको छ। यसैगरी विद्यालयमा अध्ययनरत कक्षा ९ र १० का विद्यार्थीहरूमध्ये विद्यालयको नेतृत्वदायी भूमिकामा रहेका स्कूल क्याप्टेन, सहायक क्याप्टेन, हाउस क्याप्टेन तथा विभिन्न जिम्मेवारी सफलतापूर्वक निर्वाह गरेका विद्यार्थीहरूलाई पनि विशेष सम्मान गरिएको थियो। विद्यालयको शैक्षिक तथा अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान पुर्‍याएका यस्ता विद्यार्थीहरूको योगदानको कदरस्वरूप सम्मान गरिएको विद्यालयले जनाएको छ।

कार्यक्रममा SEE–२०८२ मा सहभागी भई उत्कृष्ट GPA प्राप्त गर्न सफल तथा A+ हासिल गरेका विद्यार्थीहरूलाई नगद पुरस्कारसहित विशेष सम्मान गरिएको थियो।

विद्यालयले आफ्ना पूर्वविद्यार्थीहरूको उत्कृष्ट उपलब्धिलाई गर्वका साथ स्मरण गर्दै उनीहरूलाई आगामी अध्ययन यात्राका लागि शुभकामना समेत प्रदान गरेको थियो।


त्यसैगरी, SEE–२०८२ मा आफूले अध्यापन गरेको विषयमा शतप्रतिशत नतिजा ल्याउन सफल शिक्षक तथा शिक्षिकाहरूलाई पनि मेडल र नगद पुरस्कारसहित सम्मान गरिएको थियो। विद्यालयको उत्कृष्ट शैक्षिक उपलब्धिमा शिक्षकहरूको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्दै विद्यालय व्यवस्थापनले उनीहरूको मेहनत, समर्पण र जिम्मेवारीको उच्च मूल्याङ्कन गरेको जनाएको छ।

कार्यक्रममा विद्यालयका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक–शिक्षिका, अभिभावक, विद्यार्थी तथा विद्यालय परिवारका अन्य सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। वक्ताहरूले विद्यार्थीहरूको सफलताले विद्यालयको गौरव बढाएको उल्लेख गर्दै आगामी दिनमा अझ उत्कृष्ट नतिजा हासिल गर्न निरन्तर प्रयासरत रहन प्रेरणा दिएका थिए।

सम्मान कार्यक्रमले विद्यार्थीहरूमा अध्ययनप्रति उत्साह जगाउनुका साथै मेहनत, अनुशासन र लगनशीलताको महत्वलाई थप स्थापित गरेको सहभागीहरूको भनाइ थियो। विद्यालयले आगामी वर्षहरूमा पनि यस्ता सम्मान कार्यक्रमलाई निरन्तरता दिँदै उत्कृष्ट कार्य गर्ने विद्यार्थी तथा शिक्षकहरूलाई प्रोत्साहन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीले हरेक वर्षझैँ यस वर्ष पनि उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी तथा शिक्षकहरूको सम्मान गर्दै शैक्षिक उत्कृष्टतालाई प्रोत्साहन गर्ने आफ्नो परम्परालाई निरन्तरता दिएको छ। दुई दिनसम्म सञ्चालन भएको उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको विद्यालय प्रशासनले जनाएको छ।


## सोलिड्यारिटी इ. एकेडेमीमा हस्तेलेखन प्रशिक्षण


नाम: युनिशा राउत
कक्षा: ८ 'ख'
विद्यालयको नाम: सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी

साकार सपना

गोरखाका राजा पृथ्वीनारायण शाह आफ्नो राज्यको सिमाना बढाउन चाहन्थे। उनले कीर्तिपुरमाथि तेस्रो प्रयासमा विजय प्राप्त गरे। कीर्तिपुर विजय गरेपछि लुटिकोट र मुडिखुकोटका गाउँ जितेर उनले कान्तिपुरका राजा जयप्रकाश मल्लको दिमागमा खतराको घन्टी बजाइदिए। जयप्रकास मल्लले एक दिन भक्तपुरका राजा रणजित मल्ल र ललितपुरका मन्त्रीलाई गुह्येश्वरी मन्दिरमा बोलाए। उनले मन्दिरको पूर्वपट्टिको पाटीमा बसेर यसरी बोलाउनुको कारण खोल्दै भने, "गोरखाली राजाले कान्तिपुरमा आक्रमण गर्ने योजना बनाइरहेका छन्। तपाईंहरूले मलाई सहयोग गर्नुपर्‍यो। तपाईंहरूलाई पर्दा म सहयोग गर्ने छु।" लामो छलफलपछि सबैले धर्म भाके।

त्यस वेला नेपाल खाल्डामा केपुचिन पादरी बस्थे। गोरखालीको योजना थाहा पाएपछि जयप्रकास मल्लले उनीसँग गोरखाली विरुद्ध युद्ध गर्ने र अगि बढ्न नदिनेबारे सल्लाह गरे। पादरीले अङ्ग्रेज वाणिज्यदुत गोल्डिङलाई कलकत्ता पठाउने र गोरखालीविरुद्ध अङ्ग्रेजलाई सहयोग माग्ने गर दिए।


Name: Unisha Tamang
Class:- 10
School name-Solidarity International Academy

Biodiversity and Environment

Biodiversity is the variety of living species like plants, animals and microrganisms on the earth and in the ecosystems. they form. Ecosystem is an ecological unit which consists of different living (biotic) and non-living (abiotic) components. Ecosystem is a branch of biology that deals with the interelation between biotic and abiotic components. In other words, it can be said that an ecosystem is the community of all the living species which live together and interact with one another as well as with their physical environment what constitude biodiversity. Biodiversity includes not only species we consider rare, threatened, or endangered but also every living thing-form humans to organisms we know little about. such as microbes, fungi, and invertebrates. Thus, biodiversity includes the variety within ~~spe~~ species and between different variety with terrestrial, freshwater and

हेटौँडा मकवानपुर, सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी, हेटौँडा–१० मा विद्यार्थीहरूको सुन्दर, स्पष्ट तथा प्रभावकारी लेखन सीप विकास गर्ने उद्देश्यले हस्तलेखन (Handwriting) प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ।

विद्यालयले कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीहरूलाई लक्षित गरी हस्तलेखन प्रशिक्षण सञ्चालन गरेको हो। कार्यक्रममा विद्यार्थीहरूलाई अक्षरको सही बनावट, शब्दहरूको उचित दूरी, लेखनको सफाइ तथा प्रस्तुतीकरण सम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरिएको थियो। विद्यालय प्रशासनका अनुसार राम्रो हस्तलेखनले विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा सकारात्मक प्रभाव पार्ने भएकाले नियमित रूपमा यस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रशिक्षण अवधिभर विद्यार्थीहरूले उत्साहपूर्वक सहभागिता जनाएका थिए भने शिक्षकहरूले आवश्यक मार्गदर्शन र अभ्यास गराएका थिए। विद्यालयकी प्रधानाध्यापक रीना आचार्यले हस्तलेखन केवल लेख्ने कला मात्र नभई अनुशासन, धैर्यता र सिर्जनशीलताको विकास गर्ने महत्वपूर्ण माध्यम भएको बताउनुभयो। उहाँले विद्यार्थीहरूलाई नियमित अभ्यासमार्फत आफ्नो लेखन शैली अझ उत्कृष्ट बनाउन प्रेरित गर्नुभयो।

कार्यक्रमको अन्त्यमा उत्कृष्ट प्रगति देखाउने विद्यार्थीहरूको प्रशंसा गर्दै आगामी दिनहरूमा पनि यस्ता सीपमूलक तथा विद्यार्थीकेन्द्रित कार्यक्रमहरू निरन्तर सञ्चालन गरिने विद्यालयले जनाएको छ।

### नेपाली उखान

१. अगुल्टोले हानेको कुकुर बिजुली चम्कँदा तर्सन्छ ।

२. आलु खाएर पेडाको धाक ।

### मुक्तक

- मोबाइल, ल्याप्टप छैन अनिवार्य
भन्नुहुन्छ गुरुआमा
- किताब, कापी र कलम छन्
अपरिहार्य भन्नुहुन्छ गुरुआमा
- नयाँ अध्यायमा पाइलो सार्न, ज्ञान
र सिपलाई खार्न
- निरन्तर गरिने अभ्यास हो
गृहकार्य भन्नुहुन्छ गुरुआमा

✍ केशिका चन्द

# HIGHLIGHT OF THE MONTH

## ✍ Advancement of AI and its challenge



### Name - Nikhil Kumar Yadav

### Class-10 (T.E)

AI is the ability of a machine to perform task like human such as learning, thinking and doing other tasks. It is now widely used in business, healthcare, education and communication, making daily life easier and faster. As Andrew Ng said, "AI is the new electricity". Although AI has improved our human life through speed and accuracy and it also creates challenges like ethical issue, jobless and privacy problem.


It creates ethical concerns because it has no human intelligence or moral value. It may sometimes produce unfair results and make decision without human judgement. For example, using personal data without permission can be harmful. As a result, many experts believe that, "technology is good only when people use it," showing that human control is necessary while using the technology and AI system.

AI is making many people and family jobless because AI is more accurate and can work in speed than humans. It also creates economic problem. Due to automation in many industry, it makes people jobless. This affects people because they are more accurate and faster. This mainly affects to people working in factories, offices.

Another issue is privacy problems and security risk. AI collects large amount of data from user through different applications and services. If this information is hacked or misused, it can create serious problems. Cybercrime and data theft are increasing in the digital world. As Edward Snowden said, "Arguing that you don't care about privacy is like saying you don't care about free speech."

In conclusion, AI has made human life easier and more advanced in Many fields. However, it also brings serious challenges such as ethical concerns, jobless and privacy risk. Therefore, AI should be used carefully and responsibly for a safe and better future for everyone.

## ✍ मेरो देश: मेरो कर्मभूमि



### नाम: विभा कुमारी मण्डल

### कक्षा: १० (थोमस एडिसन)

### निबन्ध

मेरो देश नेपाल हो। मेरो देश सानो भए पनि सौन्दर्यले भरिएको छ। नेपाललाई तीनतिरबाट भारत र एकतिरबाट चीनले घेरिएको छ। नेपाल भूपरिवेष्टित देश हो जहाँ चारैतिरबाट जमिन र पहाडले घेरिएको देखिन्छ। नेपालमा प्राकृतिक स्रोत र साधनले भरिपूर्ण मानिन्छ। मेरो देश मेरो कर्मभूमि हो। यहाँका मानिसहरू कर्मशील हुन्छन्। साथै आफ्नै पसिनाले नेपालीहरू नेपाललाई सिँगार्छन्। नेपालीहरूले आफ्नै जमिनमा रगत बगाएर वीरता देखाएका छन्।

नेपालीहरू कर्मशील छन्। मेरो देशलाई विभिन्न क्षेत्रमा विभाजन गरिएको छ। मान्छेले भन्छन् "हिमाल, पहाड, तराई, कोही छैन पराई।" यसरी यस्ता भावनाको विकास गरी आफ्नै जन्मभूमिमा वीरता देखाएका छन् । नेपालीहरू भन्छन्, "नेपाल नै हाम्रो जन्मभूमि हुनुका साथै कर्मभूमि पनि हो। हामी यही आफ्नै देशमा, आफ्नै जन्मभूमिमा कर्म गरी आफ्नो वीरता प्रस्तुत गर्छौं र गर्दै जाने छौं । यही नै हो हाम्रो कर्मभूमि हो।" यस्ता भावना विकास भएकाले नेपालको उन्नती र प्रगति भएको छ।

त्यसैगरी धेरै मानिसहरू धन वा पैसाको लोभमा विदेश गएका छन्। हाम्रो देशमा उपयुक्त शिक्षा र तलब नभए पनि हामी आफ्नै देश नेपाल विकास र नयाँ नेपाल निर्माण गर्छौं । नेपालका संविधान पनि नेपाली नागरिककै चाहना व्यक्त हुने गरी निर्माण गरिएको छ। अनि यसरी हामी नेपाली आफ्नो आफ्नै देशमा स्वरोजगार बन्नु पर्छ। हामी नेपाली हौं, हामी कसैमा निर्भर हुन आवश्यक छैन। यो पैसा हातको मैला हो। हामीले आफ्नो जीवनमा जति पैसा कमाउँछौं यो सबै जान्छ तर जब हामीले नाम कमाउँछौं भने सधैँ अविस्मरणीय हुन्छ। यस्तो भावना प्रत्येक मान्छेमा विकास भयो भने विदेश जाने विचार मनमा कहिल्यै आउँदैन। सबैमा मेरो देश मेरो कर्मभूमि हो भन्ने विचार विकास गर्नुपर्छ।

यसरी नै तराईका मान्छे आफ्नो पसिना बगाएर खेतीपाती गरेका छन्। त्यहाँ पानी चाहिने बेला पानी आउँदैन र घाम चाहिएको बेला घाम हुँदैन। तापनि मानिसहरू खेतीपाती गरेर नै आफ्नो जीवन गुजारा गरेका छन्। ग्रामीण क्षेत्रको मान्छे शिक्षित नभए पनि कर्मशील र मेहेनेती छन्। यसरी हामी पनि आफ्नै जन्मभूमि नेपालमा कर्म गर्नुपर्छ। सानो देश भए पनि हामीले हाम्रो आफ्नो कर्मले देशको सुन्दरता र गौरव बढाउनु पर्छ। हामी विभिन्न धर्म, जात, भाषा र संस्कृति भएका छौँ। तापनि सबै एउटै नेपालमा बसेका छौँ। हामी एकता कायम गर्नुका साथै मेलमिलाप गरेर बसेका छौँ। यो एउटा मुख्य फाइदा हो। यसरी हामीले एक भएर आफ्नै भूमिमा कर्म गर्नुपर्छ।

अन्त्यमा हाम्रो देशका मानिसहरू कर्मशील छन्। हामीले आफ्नो कर्मले गौरव बढाई र वीरता देखाई देशलाई सिँगार्नु पर्छ, सुन्दर बनाउनु पर्छ। यो सानो भए पनि जलस्रोतमा धनी, प्राकृतिक स्रोत र साधनले भरिएको देश हो। प्रत्येक मानिसको विचारमा हाम्रो जन्मभूमि नै कर्मभूमि हो भन्ने भावना विकास गर्नुपर्छ। यसका लागि सरकार र जनताको महत्वपूर्ण भूमिका हुन्छ। सम्पूर्ण नागरिकले आफ्नो क्षेत्रबाट कर्म गरी नेपाललाई समृद्ध देश बनाउनुपर्छ।

# सोलिड्यारिटी इ. एकेडेमीका विद्यार्थीको आवाज






## Token of love

She enters your life as the butterfly.
So many beautiful like a bright.
She leaves you because butterfly face make someone future bright.

It flies high to the light.
She loves just like a butterfly,
gives warmth to wings for fly in the sky.
Butterfly life just like a pen finished in short time.

They bless each precious day.
They fly like a beauty Queen.
Her life brings ever flower to bloom.
Don't hold her because she is precious for us.

It is compared to the girl because girl is Beautiful from and peace like a nature.

**Thank u**

Class:- 6 'W.B'

✍ Ekta Gautam



✍ **Aeman Rai**

**Class: 8 W.B**

## Beggar

*Once there was a beggar*
*Who wore boots made of leather*
*He had nothing to eat*
*He had a bowl near his feet*

*He was a person, who was kind*
*He was a person who was happy*
*He always made sound like*
*"Tappy-Tappy*

*He always asks for money*
*saying "I want money"*
*Everyone made fun of him*
*But I feel sad for him*



## "Peace begins" "With me"



✍ Drishti Thing lama
Class-5 (G.B)

*Peace does not begin far away,*
*Or only in big meetings we see.*
*It begins with simple and gentle actions*
*Because peace begins with me.*

*Peace begins when I speak*
*with kind words,*
*When I listen and try to care.*
*When I lend a helping hand*
*to others.*
*And try to be fair*

*Peace begins when I forgive*
*others,*
*And say sorry when I am*
*wrong.*

*If I choose peace every day,*
*The world will slowly see.*
*That a better tomorrow can*
*begin today*
*Because peace begins with me.*

## Story

✍ Sara Bhattarai
Class: 5 G.B



One rainy evening, I was alone at home, quietly reading a book. Suddenly, I saw a big rat dart across the kitchen floor. It was really scared! My heart started beating fast. The rat looked so quick and sneaky. I didn't want it to come near me, so I grabbed a broom carefully. Slowly, I tried to chase the rat out the door. It ran under the table, but I didn't give up. After a few minutes, the rat finally disappeared outside. I was so happy it was gone!



# Art Corner



Angel Rai
Class: 8 W.B



Jenisha Rana Magar
Class: 6 T.C








Students of Classes 4 and 5 participating in a Clay Work Activity conducted by Hina Miss.

👏 We are proud of all our students for their enthusiasm, dedication, and wonderful imagination. Keep creating, keep exploring, and keep believing in your ideas—because every great achievement starts with creativity! 🌈🌟